# सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ (३) र सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको विवरण देहाय बमोजिम रहेको छ ।

**१. निकायको स्वरुप र प्रकृतिः**
प्रचलित कम्पनी ऐन बमोजिम स्थापना भई बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ बमोजिम नेपाल राष्ट्र बैंकबाट इजाजतपत्र प्राप्त गरि संचालित ‘क’ वर्गको वित्तीय संस्था ।

**२. निकायको काम कर्तव्य र अधिकारः**
बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिमको काम, कर्तव्य र अधिकार रहने छ ।

**३. निकायमा रहने कर्मचारी संख्या र कार्य विवरणः**
हाल कार्यरत कर्मचारी संख्या १८८४ रहेको छ र बैंकले तोकेको कार्य विभिन्न पदमा कार्यरत कर्मचारीहरु मार्फत भई रहेको छ । व्यवस्थापन समुहको नाम पद बैंकको वेबसाइट https://www.siddharthabank.com/Management-Team/10/ मा हेर्न सकिनेछ ।

**४. निकायबाट प्रदान गरिने सेवाः**
बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम ‘क’ वर्गको इजाजतपत्र प्राप्त वित्तीय संस्थाले दिन सक्ने सम्पूर्ण बैंकिङ्ग सेवाहरु ।

**५. सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारीः**
सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारीहरुको विवरण यस बैंकको वेबसाइट www.siddharthabank.com/service-Networks/12/ मा उपलब्ध छ ।

**६. सेवा प्राप्त गर्दा लाग्ने दस्तुर र अवधिः**
बैंकले प्रदान गर्ने विभिन्न सेवाको शुल्क तथा अवधि यस बैंकको वेबसाइट https://www.siddharthabank.com/uploads/upload-files/STC.pdf मा प्रकाशित गरिएको छ ।

**७. निर्णय गर्ने प्रकृया र अधिकारः**
बैंकिङ्ग कारोबारका सम्बन्धमा विभिन्न प्रकारका निर्णयहरु विभिन्न तहका अधिकारीहरुले गर्न सक्ने प्रक्रिया मिलाइएको छ । नियमित कार्य संचालन सम्बन्धमा प्रमुख कार्यकारी अधिकृत तथा बैंक संचालक समिति निर्णयकर्ताको रुपमा रहने छ ।

**८. निर्णय उपर उजुरी सुन्ने अधिकारीः**
ग्राहकहरुको गुनासो तथा उजुरी सुन्नका लागि हाल केन्द्रीय स्तरमा नायब प्रमुख कार्यकारी अधिकृत लाई गुनासो सुन्ने अधिकारीको रुपमा व्यवस्था गरिएको छ । निजको ठेगाना यसप्रकार रहेको छ :

**श्री सुन्दर प्रसाद कँडेल**
नायब प्रमुख कार्यकारी अधिकृत
सिद्धार्थ बैंक लिमिटेड, प्रधान कार्यालयः हात्तीसार, काठमाडौं
पोष्ट बक्स नं. १३८०६, फोन नं. ०१-४४४२९१९, ०१-४४४२९२०

**९. सम्पादन गरेको कामको विवरणः**
बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम ‘क’ वर्गका इजाजत प्राप्त वित्तीय संस्थाले गर्न सक्ने सम्पूर्ण बैंकिङ्ग कारोबारहरु गर्दै आईरहेको छ ।

**१०. प्रमुख सूचना अधिकारीको नाम र पदः**
बैंकको प्रमुख सूचना अधिकारीको नाम र पद यसप्रकार रहेको छ :

**श्री रामेश्वर प्रसाद बस्याल**
सहायक प्रमुख कार्यकारी अधिकृत
सिद्धार्थ बैंक लिमिटेड, प्रधान कार्यालय, हात्तीसार, काठमाडौं
पोष्ट बक्स नं. १३८०६, फोन नं. ०१-४४४२९१९, ०१-४४४२९२०

साथै यस बैंकका शाखा कार्यालयहरुमा सम्बन्धित शाखा प्रमुखहरुलाई शाखाको सम्बन्धित सूचना अधिकारीका रुपमा कार्य गर्ने व्यवस्था गरिएको छ ।

**११. ऐन नियम, विनियम वा निर्देशिकाको सूचिः**
प्रचलित सम्पूर्ण ऐन, नियम, विनिमय वा निर्देशिकाहरु बैंकले पालना गर्नुपर्ने हुन्छ भने देहाय बमोजिमको ऐन, नियम विनियम वा निर्देशिकाहरु बैंकिङ्ग कार्यका लागि प्रमुख रुपमा रहेका छन् ।

१. बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३
२. नेपाल राष्ट्र बैंक ऐन, २०५८ (दोस्रो संशोधन २०७३)
३. बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८
४. कम्पनी ऐन, २०६३
५. बैंकिङ्ग कसुर तथा सजाय ऐन, २०६४
६. सम्पति शुद्धिकरण (मनि लाउन्डरिङ्ग) निवारण ऐन, २०६४ (दोस्रो संशोधन २०७०)
७. धितोपत्र सम्बन्धी ऐन, २०६३
८. सुरक्षित कारोबार ऐन, २०६३
९. करार ऐन, २०५६
१०. विनिमय अधिकार पत्र ऐन, २०३४
११. विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ आदि ।
१२. उपरोक्त ऐनहरु बमोजिमका सम्पूर्ण नियम तथा विनियमहरु
१३. नेपाल राष्ट्र बैंकबाट जारी गरिएका सम्पूर्ण निर्देशिका, परिपत्रहरु
१४. बैंकिङ्ग कारोबारका क्रममा पालना गर्नु पर्ने अन्य प्रचलित कानुन
१५. सूचनाको हक सम्बन्धी ऐन, २०६४

**१२. आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी त्रैमासिक अद्यावधिक विवरणः**
बैंकको आम्दानी खर्च तथा आर्थिक कारोबार सम्बन्धी त्रैमासिक अद्यावधिक विवरण राष्ट्रिय स्तरको पत्र-पत्रिकामा प्रकाशित हुँदै आएको छ साथै बैंकको वेबसाइट https://www.siddharthabank.com/financial/ मा समेत त्यस्तो विवरण राखिएको छ ।

**१३. तोकिए बमोजिमको अन्य विवरणः**
नियमानुसार तोकिए बमोजिम अन्य विवरण राष्ट्रिय स्तरको दैनिक पत्रिकाहरुमा प्रकाशन गर्नुका साथै बैंकको वेबसाइट https://www.siddharthabank.com मा समेत राख्ने गरिएको छ ।

**१४. अघिल्लो आर्थिक वर्षमा सार्वजनिक निकायले कुनै कार्यक्रम वा आयोजना सञ्चालन गरेको भए सो को विवरणः**
यस बैंकले प्रचलित नियम कानून बमोजिम विभिन्न प्रकारका बैंकिङ्ग कारोबार सम्बन्धी कार्य गर्दै आएको छ, यस बाहेक छुट्टै विशेष प्रकारको कार्यक्रम वा आयोजना सञ्चालन गरेको छैन ।

**१५. सार्वजनिक निकायको वेबसाइट भए सो को विवरण https://www.siddharthabank.com:**

**१६. सार्वजनिक निकायले प्राप्त गरेको वैदेशिक सहायता ऋण अनुदान एवं प्राविधिक सहयोग र सम्झौता सम्बन्धी विवरणः**
डि.एफ.आइ.डि द्वारा संचालित Access to Finance for the Poor सम्बन्धी कार्यक्रम अन्तर्गत लघु तथा साना र मध्यम उद्यमहरु सँग सम्बन्धित बैंकिङ्ग परियोजना संचालनार्थ यस बैंकले अनुदान सहयोग प्राप्त गरेको ।

**१७. सार्वजनिक निकायले संचालन गरेको कार्यक्रम र सो को प्रगति प्रतिवेदनः**
बैंकले प्रचलित कानून बमोजिम नियमित बैंकिङ्ग सेवा प्रदान गर्दै आएको र बैंकले गरेका कार्यहरु समावेश गरी हरेक वर्ष वार्षिक साधारण सभामा लेखापरीक्षण प्रतिवेदन सहित संचालक समितिको प्रतिवेदन पेश गर्ने गरिएको छ । यस्तै बैंकले हरेक तीन महिनामा अपरिष्कृत वित्तीय विवरण प्रकाशित गर्दै आईरहेको छ । उक्त प्रतिवेदनहरु बैंकको वेबसाइट https://www.siddharthabank.com मा अपलोड गरिएको छ ।

**१८. सार्वजनिक निकायले वर्गिकरण तथा संरक्षण गरेको सूचनाको नामावली र त्यस्तो सूचना संरक्षण गर्न तोकिएको समयवधिः**
हाल त्यस प्रकारको वर्गिकरण गरिएको छैन ।

**१९. सार्वजनिक निकायमा परेका सूचनाको माग सम्बन्धी निवेदन र सो उपर सूचना दिएको विवरणः**
यस अवधिमा श्री अंगराज भारती ज्यूबाट आर्थिक बर्ष २०७४/७५ र २०७५/७६ मा यस बैंकले उत्पादनशील क्षेत्रमा प्रवाहित कर्जा लगानीको मासिक Disbursement र Repayment को विवरण माग भई आएकोमा सोही अनुरुप आ.व. २०७४/७५ र २०७५/७६ मा यस बैंकले उत्पादनशील क्षेत्रमा गरेको लगानीको विवरण मिति २०७७/०४/३० मा उपलब्ध गराईएको ।

**२०. सार्वजनिक निकायको सूचनाहरु अन्यत्र प्रकाशन भएका वा हुने भएको भए सो को विवरणः**
वार्षिक विवरणहरु वार्षिक प्रतिवेदनको रुपमा प्रकाशित भई बैंकको वेबसाइटमा समेत प्रकाशन गरिएको छ । साथै बैंकले आर्थिक विवरणहरु त्रैमासिक रुपमा विभिन्न राष्ट्रिय स्तरको पत्र-पत्रिकामा प्रकाशित गरी बैंकको वेबसाइटमा समेत राखिदै आएको छ ।

**२१. बैंकको प्रमुख कार्यकारी अधिकृतको नाम र ठेगानाः**
बैंकको प्रमुख कार्यकारी अधिकृतको नाम र ठेगाना यसप्रकार रहेको छ :

**श्री शम्भु नाथ गौतम**
प्रमुख कार्यकारी अधिकृत
सिद्धार्थ बैंक लिमिटेड, प्रधान कार्यालयः हात्तीसार, काठमाडौं
पोष्ट बक्स नं. १३८०६, फोन नं. ०१-४४४२९१९, ०१-४४४२९२०

SiddharthaBank
**Head office:** Hattisar, Kathmandu
**P.O.Box:** 13806, **Ph:** 01-4442919 / 4442920
**Fax:** 01-4442921, **SWIFT:** SIDDNPKA
**Email:** sbl@siddharthabank.com
**Web:** www.siddharthabank.com